भुम्लु गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक

# नदीजन्य पदार्थको विक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०८।३०

भुम्लु गाउँपालिका गाउँकार्यपालिकाको निर्णयबाट स्वीकृत प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क र यस भुम्लु गाउँपालिका आर्थिक ऐन २०७७ को दफा १० को अनुसुची ९ मा व्यवस्था गरे बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत बगरहरबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन् गरी भुम्लु गाउँपालिकाले तोकिएको दररेटमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले नविकरण भएको प्रमाण पत्र, मूल्य अधिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल</u>

| ठेक्का नं | संकलन क्षेत्र | वडा नं | उत्खनन् परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/01/077/078 | बाधा बगर | १ | ९४४१।३९ | २९९८४७३।०२ | बोलपत्र कबोल रकमको ५ प्रतिशतले हुन आउने रकम | प्रति ठेक्का रु ५००० |
| BRM/NCB/IR/02/077/078 | सिलामे बगर | १ | ६८८३।३१ | २१८६०५६।१३ | | |
| BRM/NCB/IR/03/077/078 | आँपघाट बगर | ६ | २१६९३।०९ | ६८८९४६४।४६ | | |
| BRM/NCB/IR/04/077/078 | आमथली बगर | ७ | ११३८७।७२ | ३६१६६०२।९८ | | |
| | पाटी बगर | ७ | १३९७१।३७ | ४४३७१३७।८९ | | |
| BRM/NCB/IR/05/077/078 | डुम्रे बगर | ८ | ९३६७।४० | २९७४९७३।४८ | | |
| BRM/NCB/IR/06/077/078 | हर्राको बोटमुनिको बगर | ८ | १६१४२।२० | ५१२६५६८।२० | | |
| BRM/NCB/IR/07/077/078 | काफ्लेका गर्तिला बगर | ९ | १३५८।७८ | ४३१५३३।२४ | | |
| | लामपाते बगर | ९ | ४९१२।९९ | १५६०३०५।३३ | | |
| | देउपाले बगर | ९ | १२४२६।१७ | ३९४६४०३।४२ | | |
| BRM/NCB/IR/08/077/078 | पशुपति बगर | १० | ४३६५७।६९ | १३८६५१५७।१७ | | |
| BRM/NCB/IR/09/077/078 | डडुवा बगर | १० | ६९३४।७६ | २२०२३९७।६१ | | |

भुम्लु गाउँपालिका
२०७३

**शर्तहरु**

१ फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, वोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको रसिद वा बङ्गलादेश बैंक भुम्लु शाखामा रहेको यस कार्यालयको खाता नः ०५६००१६४१ मा नगद जम्मा गरेको नगद भौचार साथ निवेदन पेश गरी सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औ दिनसम्ममा हार्डकपी बोलपत्र फारम खरिद गरी ३१ औ दिनको १२ बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गरी सक्नुपर्नेछ र रित पुन्याई प्राप्त हुन आएका वोलपत्र ३१ औ दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु गाउँपालिकाको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम खरिद एवम् दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

२ बोलपत्र फारम साथ धरौटीवापत मूल्य अविवृद्धि करसहित कूल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम जमानत स्वरुप यस कार्यालयको नेपाल बगलादेश बैंक भुम्लु शाखामा रहेको धरौटी खाता नः ०५६००००८४१ मा जम्मा गरेको सक्कल भौचार वा बोलपत्र पेश गर्ने सूचना प्रकाशन भएको मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त क वर्गको बाणिज्य बैंक/वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको ग्यारेन्टी विड बन्ड पेश गर्नु पर्नेछ ।

३ बोलपलपत्र नेपाल सरकार प्रचालित कानून ढुङ्गा गिट्टी बालुवा उत्खन्न तथा विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ यस गाउँपालिका आर्थिक ऐन २०७७ र सो ऐनको अधिनमा रहि बनेको कार्यविधि तथा स्वीकृत (IEE) प्रतिवेदनको परिपालन गर्नु पर्नेछ ।

४ आ व २०७७/०७८को लागि ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री संकलन अवधि सम्झौतामा उल्लेख भएको मिति देखि २०७८ जेठ मसान्तसम्म हुनेछ ।

५ बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात् कुनै किसिमको थप छुट, मिनाह वा माफी दिईने छैन ।

६ कुल कबोल अंकलाई तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत् कुल कबोल अंकको ३५ प्रतिशत हन आउने रकम सम्झौता हुनु अगावै वुझाँउनु पर्नेछ तथा ३५ प्रतिशत रकम चैत्र ३० भित्र र बाकी रकम जेठ १५ गते भित्र वुझाँउनु पर्नेछ ।सम्झौता हुँदा बाँकी रकमको लागि क वर्गको बाणिज्य वैक/वित्तिय संस्थाबाट यस कार्यालयको नाममा १८० दिन (छ महिना) अवधि भएको बैक ग्यारेन्टि (परफारमेन्स बन्ड) अनिर्वाय पेश गर्नु पर्नेछ ।

७ खरिद गरिएको वोलपत्रमा सवै विवरण भरी बोलपत्रको प्रत्येक पानामा सहीछाप गरी तोकिएको ठाँउमा दररेट र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।केरमेट भएको ठाउँमा सहीछाप भएको हुनु पर्नेछ ।

८ यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणीत नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

९ म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाहि हुने छैन ।

१० यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए अनुसारको शर्तहरु र अन्य विषयवस्तुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११यस गाउँपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा अंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२ तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्ती गरिने छ ।साथै यस कार्यालयबाट गरिएको वातावणीय अध्ययन प्रतिवेदन यस बोलपत्रको सम्झौताको अभिन्न अंङ्ग मानिनेछ ।

१३ यस सम्बन्धमा विस्तृत जानकारी www.bhumlumun.gov.np मोवाइल नं ९८५१२०३४७७, भुम्लु गाउँपालिका गाउँकार्यपालिका कार्यालय सल्ले, काभ्रेपलाञ्चोकमा प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**मदन कुमार बजगाँई**
**प्रमुख प्रशासकीय अधिकृत**